पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ५ पोखरा खण्ड : ५८ प्रमाणित मिति: २०७८ माघ २६ गते

## भाग २

## अपाङ्गता संजाल गठन निर्देशिका, २०७८

# अपाङ्गता संजाल गठन निर्देशिका, २०७८

**प्रस्तावना** : पोखरा महानगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास गर्ने उद्देश्यले पोखरा महानगरपालिका भित्रका वडाहरुमा र नगरस्तरमा अपाङ्गता संजाल गठन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा (त) को (६) मा भएको व्यवस्था बमोजिम ऐनको दफा (१०२) ले दिइएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाले यो निर्देशिका बनाइ जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिका को नाम "पोखरा महानगरपालिका अपाङ्गता संजाल गठन निर्देशिका २०७८" रहनेछ ।

(२) यो निर्देशिका महानगरपालिकाको कार्यपालिका वैठकबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**ऐन**" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनुपर्छ" ।

ख) "**निर्देशिका**" भन्नाले "पोखरा महानगरपालिका अपाङ्गता संजाल गठन निर्देशिका २०७८" लाई सम्झनुपर्छ ।

ग) "**संजाल**" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको वडास्तरको संजाल सम्झनुपर्छ ।

घ) "**अपाङ्गता भएका व्यक्ति**" भन्नाले नियमानुसार अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

ङ) "**समिति**" भन्नाले वडास्तर र नगरस्तरको संजाल कार्यसमिति सम्झनुपर्दछ ।

च) "**महानगरपालिका**" भन्नाले पोखरा महानगरपालिका सम्झनुपर्दछ।

छ) "**कार्यपालिका**" भन्नाले पोखरा महानगरपालिका कार्यपालिका सम्झनुपर्छ ।

ज) "**महाशाखा**" भन्नाले सामाजिक विकास महाशाखा जनाउँदछ ।

## परिच्छेद–२
## उद्धेश्य

३) **संजाल गठनको उद्धेश्य**

क) अपाङ्गता भएका व्यक्तिहरुलाई सुसुचित गर्ने, एकीकृत गर्ने, संजालमा आवद्ध गर्ने, क्षमता विकास गर्ने,

ख) अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा गरिने कार्यक्रमहरुको दोहोरो पन हटाउने, सबैको समान सहभागिता कायम गर्ने, विशेषगरी दलित, विपन्न, भौगोलिक हिसाववाट पछाडी परेका अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकतामा राखी अपाङ्गताको क्षेत्रमा समन्वय गरी कार्य गर्ने ।

## परिच्छेद–३
## संजाल गठन

४) **अपाङ्गता वडा संजाल गठन**

क) वडा क्षेत्रभित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु संजालको सदस्य हुन सक्नेछन ।

ख) वडा संजालका ससम्पूर्ण सदस्यहरु मध्येबाट ९ सदस्यीय वडा संजाल कार्यसमिति गठन गर्न सकिनेछ ।

वडा संजाल कार्य समिति गठन

अध्यक्ष १

उपाध्यक्ष १

सचिव १

सहसचिव १

कोषाध्यक्ष १

सदस्य ४ जना

ग) समिति गठन गर्दा प्रत्येक समितिहरुमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्नेछ । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व हुने गरी समिति गठन हुनुपर्नेछ ।

घ) संजालका कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा सदस्यहरुको सर्वसम्मती अथवा अधिवेशन प्रकृयाबाट कार्य समिति गठन हुन सक्नेछ ।

ङ) संजाल तथा समिति गठन गर्ने कार्य महानगरपालिका तथा वडा कार्यालय आँफैले अथवा अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघसंस्था मार्फत गराउन सकिनेछ ।

च) वडा संजालको काम, कर्तव्य अधिकार

- ➢ वडा भित्रका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई एकीकृत गर्न संजालमा आवद्ध हुन प्रेरित गर्ने
- ➢ वडास्तरमा संजाल कार्य समिति गठन गर्ने ,
- ➢ अपाङ्गता भएका व्यक्तिहरुको हीतमा हुनेगरी अन्य आवश्यक कार्यहरु गर्न सक्ने ।
- ➢ नगरस्तरको अपाङ्गता संजाल गठन गर्ने प्रक्रियामा प्रतिनिधित्व चयन गर्ने ।

**वडा संजाल कार्यसमितिको काम, कर्तव्य अधिकार**

- वडा कार्यालयले महानगरसँग आवश्यक समन्वय गर्ने,
- संजाल सदस्यहरुको भेलाले गर्ने निर्णयहरु कार्यन्वयनका लागि सहयोग गर्ने,
- नियमानुसार अपाङ्गता भएका व्यक्तिको हीतमा हुनेगरी

अन्य आवश्यक कार्यहरु गर्ने ।

- वडास्तरमा भए गरेका क्रियाकलापहरुको प्रतिवेदन गर्ने ।

## परिच्छेद-४

**५) नगरस्तरीय संजाल समिति गठन**

क) नगरस्तरको संजाल गठन गर्नुभन्दा पूर्व प्रत्येक वडामा वडा संजाल गठन पुर्नगठन र सक्रिय भएको हुनुपर्नेछ ।

ख) प्रत्येक तीन वर्षमा प्रत्येक वडा स्तरीय संजालबाट दुई-दुई जना प्रतिनिधित्व हुने गरी जम्मा ६६ जनाको भेलाबाट सर्वसम्मत वा प्रक्रियाबाट महानगरस्तरको अपाङ्गता संजाल समिति गठन गर्न सकिनेछ ।

ग) नगरस्तरको संजाल समितिमा बढीमा ११ सदस्यीय रहन सक्नेछन। कम्तिमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्नेछ। सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको समावेशीताको आधारमा समिति गठन हुनुपर्नेछ ।

घ) समिति गठन

| | |
|---|---|
| अध्यक्ष | - १ |
| उपाध्यक्ष | - १ |
| सचिव | - १ |
| सहसचिव | - १ |
| कोषाध्यक्ष | - १ |
| सदस्य | - ६ जना |

पदाधिकारीहरुका काम कर्तव्य र अधिकार नियमानुसार हुनेछ ।

च) काम, कर्तव्य र अधिकार

- ❖ वडा स्तरीय संजालहरुसँग आवश्यक समन्वय गरी कार्य गर्ने ।

- अपाङ्गता क्षेत्रमा गरिने विभिन्न कार्यक्रमहरुको सम्बन्धमा नगरस्तरमा आवश्यक समन्वय र सहयोग गर्ने ।
- राजनैतिक रुपमा तटस्थ रही अपाङ्गताको क्षेत्रमा कार्य गर्नुपर्नेछ ।

## परिच्छेद–५
## विविध

क) **सम्पर्क शाखा** : सामाजिक विकास महाशाखा सम्पर्क समन्वय महाशाखाको रुपमा रहनेछ ।

ख) **निर्देशिकाको पालना** : प्रचलित ऐन, नियम तथा यो निर्देशिकाको पूर्व पालना गर्नुपर्नेछ । कानुन विपरितका अवाञ्छित गतिविधि र कार्यहरु गरेमा महानगरपालिकाले आवश्यक कारवाही प्रक्रिया अघि बढाउन सक्नेछ अथवा संजालको खारेजी समेत गर्न सक्नेछ।

ग) **हेरफेर वा शंशोधन** : निर्देशिकामा आवश्यक शंशोधन र हेरफेर गर्नुपरेमा कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

**प्रकाशन मिति : २०७८ माघ २६ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**